**भारतीय राजदूतावास**

**काठमाडौं**

**प्रेस विज्ञप्ति**

**<u>कैलालीमा विद्यालय भवनको शिलान्यास समारोह</u>**

नेपालको सुदूरपश्चिम प्रदेशको कैलाली जिल्लाको धनगढी उप-महानगरपालिका-१२ मा रहेको सिद्धनाथ माध्यमिक विद्यालयको भवन निर्माणका लागि आज भारतीय राजदूतावास, काठमाडौंका प्रथम सचिव श्री नारायण सिंहले शिलान्यास गर्नुभयो।

२. भारत सरकारको आर्थिक सहयोग करिब नेरु. ३.६ करोड लागतमा यस विद्यालय भवनको निर्माण हुँदैछ। यो उच्च प्रभाव सामुदायिक विकास परियोजना धनगढी उप-महानगरपालिका, कैलालीमार्फत कार्यान्वयन गरिनेछ।

३. कैलालीको धनगढी उप-महानगरपालिकाका मेयर तथा अन्य सरोकारवालाहरूले भारत सरकारद्वारा प्रदान गरिँदै आएको विकास सहयोगको प्रशंसा गर्नुभयो। वहाँहरुले नयाँ संरचनाले धनगढी उप-महानगरपालिका, कैलालीका विद्यार्थी र शिक्षकहरूका लागि सिकाइको वातावरण सुदृढ बनाउन मद्दत पुग्ने विश्वास व्यक्त गर्नुभयो।

४. नजिकका छिमेकीको रुपमा भारत र नेपालबीच व्यापक र बहुक्षेत्रीय सहकार्य रहँदै आएको छ। उच्च प्रभाव सामुदायिक विकास परियोजनाको कार्यान्वयनले प्राथमिकताका क्षेत्रहरुमा पूर्वाधार विकास गर्नुका साथै विकास र समृद्धिलाई अगाडि बढाउने नेपाल सरकारको प्रयासलाई सुदृढ पार्न भारत सरकारको निरन्तर सहयोगलाई प्रतिबिम्बित गर्दछ।

काठमाडौं

२०८३ वैशाख २८